पोखरा विश्वविद्यालय
व्यवस्थापन अध्ययन संकाय
डीनको कार्यालय
पोखरा-३०, कास्की

चलानी नं.: 2069/080

मिति : २०८०/०१/०४

**पोखरा विश्वविद्यालय व्यवस्थापन अध्ययन संकाय स्नातकोत्तरतह (MBA/MHCM/MCIS) छात्रवृत्ति छनौंट परीक्षाको योग्यताक्रम सूचि (Merit List) प्रकाशित सम्बन्धि सूचना !**

पोखरा विश्वविद्यालय व्यवस्थापन अध्ययन संकाय स्नातकोत्तरतह छात्रवृत्ति छनौंट समिति, २०७९ बाट विश्वविद्यालय **स्नातकोत्तर तहको MBA/MHCM/MCIS** कार्यक्रमको मिति २०७९/१२/२३ गते प्रकाशित गरिएको उत्तिर्ण सूचि **(Pass List)** का उम्मेदवारहरुलाई मात्र अनलाईन फाराम भर्दा Transcript र Character Certificate पेश नगरेको भए मिति २०७९/१२/३० गतेसम्म पेश गर्न दिएको समयभित्र Transcript र Character Certificate पेश गरेका सम्बन्धित उम्मेदवारहरुको मात्र पो.वि.छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ को नियमानुसार संलग्न बमोजिमको योग्यताक्रम सूचि **(Merit List)** प्रकाशित गरिएको व्यहोरा सम्बधित सबैको लागी जानकारी गराइन्छ । प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सरकारी वा सामुदायिक स्कूलमा अध्ययन गरी पास गरेको उम्मेदवारहरुलाई School Type–**Public** र अन्य सबैलाई School Type–**Others** हुनेगरी उम्मेदवारहरुको सूचि, खुला र आरक्षणको विवरण सहित योग्यताक्रम सूचि **(Merit List)** प्रकाशित गरिएको व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराइन्छ ।

आज मिति २०८०/०१/०४ गते प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका उम्मेदवारहरु मध्ये कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सरकारी वा सामुदायिक स्कूलमा अध्ययन गरी पास गरेको School Type–**Public** का उम्मेदवारहरुले मात्र तपशिल बमोजिम हुनेगरी मिति २०८०/०१/०४ गतेदेखि मिति २०८०/०१/०८ गतेसम्म आफुले अध्ययन गर्ने शैक्षिक संस्था र शैक्षिक कार्यक्रमहरुको विवरण पो.वि.छात्रवृत्ति नियमावली, २०६५ को **अनुसूचि-(४) सँग** सम्बन्धित अनलाईन फाराममा भर्नुहुन समेत जानकारी गराईन्छ । School Type–**Others** का उम्मेदवारहरुलाई कोटा रिक्त रहेमा मात्र अर्को सूचना मार्फत शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौंटका लागी जानकारी गराईनेछ ।

**यस सम्बन्धमा निम्न विषयहरु स्पष्ट पारिएको छ ।**

क) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका सम्बन्धित उम्मेदवारहरुले अनलाइन मार्फत अनुसूचि फाराम भर्दा आफ्नो नाम समावेश भएको संकायबाट बढीमा ३ वटासम्म प्राथमिकताको आधारमा शैक्षिक कार्यक्रम छनौंट गर्न सकिनेछ । साथै १ वटा शैक्षिक कार्यक्रमको लागी बढीमा ३ वटासम्म प्राथमिकताको आधारमा शैक्षिक संस्था पनि छनौंट गर्न सकिनेछ । उम्मेदवारहरुले शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौंट गर्दा दिएको शैक्षिक कार्यक्रम र शैक्षिक संस्थाको विवरण हेरी छनौंट गर्नुपर्नेछ । एकपटक छनौंट गरेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रमलाई पुनः सच्चाउन पाईनेछैन ।

ख) आज प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** को School Type–**Public** मा समावेश भएका उम्मेदवारहरुले अध्ययन गर्ने शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौंट गर्न अनुसूचि-४ को अनलाईन फाराममा विवरण भर्नुपर्नेछ । उक्त विवरण भर्न उम्मेदवारहरुले आफ्नो Dashboard मा रहेको **Anusuchi Application** मा गएर विवरण भर्नुपर्नेछ ।

पोखरा विश्वविद्यालय
व्यवस्थापन अध्ययन संकाय
डीनको कार्यालय
पोखरा-३०, कास्की

चलानी नं.: २०७३/०८०

ग) आज प्रकाशित योग्यताक्रम सूचि (**Merit List**) मा समावेश भएका उम्मेदवारहरुले पेश गरेको कागजातहरु छात्रवृत्ति प्रकृया सञ्चालन भईरहेको अवस्थामा छानविनको क्रममा झुट्टा भएको प्रमाणित भएमा त्यस्ता उम्मेदवारहरुलाई छात्रवृत्ति प्रकृयाबाट हटाइनेछ ।

घ) आज प्रकाशित योग्यताक्रम सूचि (**Merit List**) का सम्बन्धमा अस्पष्ट भएमा मिति २०८०/०१/०५ गते बेलुका ४:०० बजेसम्म **fmsadmin@pu.edu.np** मा इमेल गर्न अथवा सम्पर्क नम्बर ०६१-५०४०७६ अथवा मो.नं. ९८४६१४२९४८ मा सोधपुछ गर्न सकिनेछ ।

आज प्रकाशित योग्यताक्रम सूचि (**Merit List**) मा कुनै भुलचुक भइ गलत विवरण समावेश भएको रहेछ भने त्यसलाई सच्चाउने अधिकार छनौंट समितिमा निहित रहेको छ ।

...............................
डा.दया राज ढकाल
संयोजक
स्नातकोत्तर तह छात्रवृत्ति छनौंट समिति